# भोटेकोशी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

फुल्पिङकट्टी, सिन्धुपाल्चोक

पत्र संख्या: २०८२/०८३
चलानी नं:

बागमती प्रदेश ,नेपाल

मिति:२०८२/०९/१३

**विषय : विद्यालयहरूको लेखापरीक्षण सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा यस भोटेकोशी गाउँपालिका अन्तर्गत सञ्चालित विभिन्न सामुदायिक तथा संस्थागत विद्यालयहरूको शिक्षा नियमावली २०५९ को नियम १७१ तथा भोटेकोशी गाउँपालिकाको शिक्षा नियमावली २०७५ को नियम ९२ बमोजिम आर्थिक वर्ष २०८१/०८२ को आर्थिक कारोबारहरुको अन्तिम लेखापरीक्षण गर्नु पर्ने भएकोले इच्छुक तथा योग्य लेखापरीक्षक फर्म/कम्पनीहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र तपसिल बमोजिमको कागजातहरू सहित सुचिकृतका लागि यस गाउँकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :

१. निवेदन पत्र
२. लेखापरीक्षण सम्बन्धि फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि । (नवीकरण गर्नुपर्ने भए सो सहित)
३. नेपाल चार्टटस एकाउटेन्ट्स सस्थाको सदस्यता/सुचिकृत प्रमाणपत्रको प्रतिलिपि ।
४. स्थायी लेखा नम्बर PAN दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
५. मु.अ. करमा दर्ता भएको प्रमाण पत्रको आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा पौष मसान्तसम्मको म्याद थप भएको पत्रको प्रतिलिपि।

पालना गर्नुपर्ने सर्तहरु:

क. लेखापरिक्षणको लागि स्वयम् विद्यालयमा उपस्थित हुनु पर्ने छ।
ख. नियुक्त भएको मितिले ४५ दिनभित्र लेखापरीक्षण गरि प्रतिवेदन विद्यालय र गाउँपालिकामा पेश गर्नु पर्ने छ।

०८२/०९/१३
दिनेश कुमार श्रेष्ठ
शिक्षा अधिकृत (सातौं)

Website: www.bhotekoshimun.gov.np Email: info@bhotekoshimun.gov.np | ito.bhotekoshimun@gmail.com

शिक्षा, स्वास्थ्य र पूर्वाधारमा गुणस्तर !
कृषि, जलविद्युत, पर्यटन, खेलकुद र व्यापार - समृद्ध भोटेकोशीको आधार !!